# आ. व.२०८१/८२ को नेपालको वैदेशिक व्यापार वस्तुस्थिति (वस्तुतर्फ)

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल वैदेशिक व्यापार (वस्तुतर्फ) अघिल्लो वर्ष २०८०/८१ को तुलनामा १९.२ प्रतिशतले वृद्धि भई रु.२०८१.१५ अर्व पुगेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः १३.३ प्रतिशत र ८६.७ प्रतिशत रहेको छ। समीक्षा अवधिमा नेपालको कुल निकासीमा ८१.८ प्रतिशतले वृद्धि भई रु २७७.०३ अर्व तथा कुल पैठारीमा १३.३ प्रतिशतले वृद्धि भई रु. १८०४.१२ अर्व पुगेको छ। आ.व. २०८०/८१ मा निकासी– पैठारी व्यापारको अनुपात १:१०.५ रहेकोमा आ.व. २०८१/८२ मा निकासी– पैठारी व्यापारको अनुपात १:६.५ रहन आएको छ।

आर्थिक वर्ष २०८१/८२ मा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा सोयाविन तेल, फलाम तथा फलामका उत्पादनहरु, यार्न, सूर्यमुखी तेल, ऊनी गलैंचा, तयारी पोशाक, जुट तथा जुटका सामानहरु, जुस, अलैंची, ,प्लाईउड, ऊनी फेल्टका उत्पादन, चिया, कुकुर विरालाका आहारा, पिना, पश्मिना शल, कपडा, कत्था, पामतेल, चाऊचाऊ, सिमेन्ट प्रमुख रुपमा रहेका छन्।

समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा ११७३३ प्रतिशतले वृद्धि भई रु १०६ अर्ब ७९ करोड पुगेको छ। फलाम तथा तिनका उत्पादनको निर्यातमा ६.०१ प्रतिशतले ह्रास आई रु १६ अर्ब ३६ करोडमा झरेको छ। समीक्षा अवधिमा यार्नको निर्यातमा १९.८५ प्रतिशतले वृद्धि भई रु. १४ अर्ब ४० करोड पुगेको छ। ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा १.९३ प्रतिशतले वृद्धि भई रु. १० अर्ब ७८ करोड पुगेको छ। तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा २.३९ प्रतिशतले ह्रास आई रु. ८ अर्ब ७५ करोडमा सीमित भएको छ। प्लाईऊडको निर्यातमा ४.२६ प्रतिशतले ह्रास आई रु ७ अर्ब ०९ करोड पुगेको छ। समीक्षा अवधिमा जुट तथा जुटका उत्पादनको निर्यातमा समीक्षा अवधिमा १६.८१ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब २३ करोड पुगेको भएको छ। समीक्षा अवधिमा जुसको निकासीमा ११.४१ प्रतिशतले ह्रास आई रु. ७ अर्ब ७२ करोडमा झरेको छ । यसै गरी अर्को प्रमुख निर्यातजन्य ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा ७.१६ प्रतिशतले वृद्धि भई रु ५ अर्ब १४ करोड पुगेको छ। समीक्षा अवधिमा सूर्यमुखी तेलको निर्यातमा ७४३६ प्रतिशतले वृद्धि भई रु १२ अर्ब ३३ करोड पुगेको छ। कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा ३.२४ प्रतिशतले ह्रास आई रु ७ अर्ब ६८ करोड पुगेको छ। यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समीक्षा अवधिमा २६.६४ प्रतिशतले वृद्धि भई रु ४ अर्ब ५९ करोड पुगेको छ। यसै गरी समीक्षा अवधिमा अदुवाको निर्यातमा ५०.३८ ले ह्रास आई रु. ५८ करोडमा सीमित भएको छ। पीना ( आयल केक) को निर्यातमा २२.८० प्रतिशतले वृद्धि भई रु ३ अर्ब ६३ करोड पुगेको छ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा ११७.८ प्रतिशतले वृद्धि भई रु २२४ अर्ब ६८ करोड पुगेको छ। नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ६७.७१ प्रतिशत रहेकोमा आर्थिक वर्षका सो हिस्सा ८१.१० प्रतिशत पुगेको छ। नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, युएई, ,चीन, फ्रान्स, अष्ट्रेलिया, जापान, इटाली, क्यानडा, टर्की, नेदरलेण्ड्स र अफगानिस्तान प्रमुख रुपमा रहेका छन्।

पैठारीतर्फ आ.व. २०८१/८२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा ४.२९ प्रतिशतले ह्रास आई रु. २८७.६५ अर्बमा झरेको छ। समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा १०.१८ प्रतिशतले वृद्धि भई रु. १६२.५० अर्ब पुगेको छ। मशिनरी तथा पार्ट्सको आयातमा १२.९८ प्रतिशतले वृद्धि भई रु. १२४.१५ अर्ब पुगेको छ। कच्चा भटमास तेलको आयातमा ७११.९६ प्रतिशतले वृद्धि भई रु. १०८.९५ अर्ब पुगेको छ। समीक्षा अवधिमा औषधीको आयातमा ०.७९ प्रतिशतले वृद्धि भई रु. ४२.४७ अर्ब पुगेको छ। इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुको आयातमा ५.६८ प्रतिशतले वृद्धि भई रु. ७३.८८ अर्ब पुगेको छ। यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा २७.२६ प्रतिशतले वृद्धि भई रु. १०९.१२ अर्ब पुगेको छ। कच्चा पाम तेलको आयातमा ३५.६८ प्रतिशतले ह्रास आई रु. ६ अर्ब ८२ करोडमा सीमित भएको छ। अन्नको आयातमा ३२.७२ प्रतिशतले वृद्धि भई रु ६०.७८ अर्ब पुगेको छ। समीक्षा अवधिमा तयारी पोशाकको आयातमा १६.७९ प्रतिशतले वृद्धि भई रु ४१.०७ अर्ब पुगेको छ। दुरसञ्चारका सामाग्रीको आयातमा १७.७४ प्रतिशतले वृद्धि भई रु ४३.०८ अर्ब पुगेको छ। सूनको आयातमा २३.१७ प्रतिशतले ह्रास आई रु १९.९५ अर्बमा झरेको छ।
नेपालको पैठारी व्यापारमा प्रमुख स्थानमा रहेका मुलुकहरुमा भारत, चीन, अर्जेन्टिना, संयुक्त राज्य अमेरिका, युएई, युक्रेन, अष्ट्रेलिया, इण्डोनेशिया, थाइलेण्ड, मलेशिया, ब्राजील, फ्रान्स, कतार र क्यानडा प्रमुख रुपमा रहेका छन्।

आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वर्षको तुलनामा निकासी र पैठारी दुवैमा वृद्धि हुँदा व्यापारघाटामा ६.० प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा रु. १५२७.०९ अर्ब पुगेको छ।

(तथ्याँकको श्रोत: श्री भन्सार विभाग)